
स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म 'बोक्सीको घर' मा समावेश 'बुझिनँ मैले' बोलको गीत निकै रुचाइयो । यसको अडिओसँगै भिडिओलाई दर्शकले अतिकै रुचाए । भिडिओतर्फ कोरियोग्राफीको समेत खुलेर प्रशंसा भयो । छोटो समयमै ३ करोड बढी भ्युज पाएको गीतलाई कोरियोग्राफी एवं निर्देशन गरेका थिए, सुनिल क्षेत्रीले । यसअघि विशेष गरेर लोकदोहोरी गीतमा सक्रिय उनले कोरियोग्राफी एवं निर्देशन गरेका थुप्रै गीत हिट छन् ।

आजको विचार...



पुष्पलालको... (दुई पेजमा)

गोविन्द भट्टराई



करिब १२ वर्षपछि निर्देशनमा पुनरागमन गरेका शंकर घिमिरेले आफ्नो ५ औं फिल्म 'तेल भिसा'को छायांकन सकाएका छन् । दुई चरणमा गरी ३५ दिनमा फिल्म 'प्याकअप' भएको हो । शनिबार चितवनको एक गाउँमा अन्तिम दृश्य खिचिएको थियो । फिल्मको पहिलो चरणको छायांकन भने अमेरिकामा गरिएको थियो । त्यहाँ ७० प्रतिशत छायांकन गरिएपछि बाँकी नेपालमा खिचिएको हो । इन्डक्ल्यापमा भरतपुर महानगरकी मेयर रेणु दाहाल समेत पुगेकी थिइन् ।

❐ वर्ष ३० ❐ अंक ७ ❐ २०८१ साउन ७ गते सोमबार 22 July 2024, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### लुम्बिनी मुख्यमन्त्री महराले दिए राजीनामा

**लुम्बिनी,** साउन ६/लुम्बिनी प्रदेशका मुख्यमन्त्री जोखबहादुर महराले आइतबार आफ्नो पदबाट राजीनामा दिएका छन् । लुम्बिनी प्रदेशसभाको आज बसेको बैठकलाई सम्बोधन गर्दै उनले मुख्यमन्त्री पदबाट राजीनामा दिएका हुन् । सौर्य सरकारमा सत्ता समिकरण परिवर्तन भएसँगै नेकपा (एमाले) ले समर्थन फिर्ता लिएपछि अल्पमतमा परेका मुख्यमन्त्री महराले राजीनामा दिएका हुन् । मुख्यमन्त्री महराले छिट्टै नयाँ सरकार गठन गरी मन्त्रिपरिषद्लाई पूर्णता दिन आग्रह गरे । उनले आफ्नो नेतृत्वको सरकारमा सहभागी हुँदा एमाले तथा अन्य दलका मन्त्रीहरुले सोचेभन्दा बढी विश्वासका साथ काम गरेको दाबी गरे । 'केन्द्रीय राजनीतिको प्रभाव प्रदेशमा पर्नु दुःखद हो', उनले भने । आफ्नो नेतृत्वको सरकारले ल्याएको बजेट कार्यान्वयन हुँदैन कि भन्ने चिन्ता गर्दै मुख्यमन्त्री महराले चालु आर्थिक वर्षको नीति तथा कायक्रम कार्यान्वयन हुनेमा आफू आशावादी रहेको बताए । मुख्यमन्त्री महराको राजीनामासँगै एमाले र नेपाली काग्रेसले नयाँ सरकार गठनको तयारी सुरु गरेको एमालेका प्रमख सचेतक तुल्सीप्रसाद चौधरीले जानकारी दिए । नयाँ सरकार बनाउन एमाले संसदीय दलका नेता लिला गिरीको नेतृत्वमा दावी पेश गर्ने तयारी रहेको उनले बताए । कूल ८७ प्रदेशसभा सदस्य रहेको लुम्बिनीमा एमालेका २९ र काग्रेसका २७ प्रदेशसभा सदस्य रहेका छन् । सत्ता सहकार्यका लागि अन्य साना दललाई समेत प्रदेश सरकारकारमा समेट्ने तयारी रहेको प्रमुख सचेतक चौधरीले बताए ।

## आज पुष्पलाल स्मृति दिवस

# पुष्पलालको मार्गदर्शनबाट विमुख कम्युनिष्ट

**रामचन्द्र रायमझी**

**पाल्पा,** साउन ६/आज नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठको योगदानको स्मरण गर्दै नेपालका कम्युनिष्ट पार्टीहरुले देशैभर विभिन्न कार्यक्रमसहित ४६ औं स्मृति दिवस मनाउँदै छन् ।

उनका फोटामा माल्यार्पण गरिनेछ, पुष्पलालका जीवन भोगाइ र दुई/चारवटा उनका विचारका कर्खा कार्याकर्ताकालाई सुनाएर यो स्मृति दिवस अन्त्य हुनेछ । यसरी नै हरेक वर्ष कम्युनिष्ट घटकहरूले आजको दिन पुष्पलालालाई सम्झने गर्छन् । तर, उनीहरू पुष्पलालले देखाएको बाटोबाट भने कोसौं टाढा रहेका छन् । आज पुष्पलालले निर्माण गरेको कम्युनिष्ट आन्दोलन विभाजित अवस्थामा छ । जनमत र शक्तिका हिसाबले कम्युनिष्ट जनमत बलियो रहे तापनि कम्युनिष्ट आन्दोलनभित्रका अनेकौं विकृति र द्वेषका कारणले एक आपसमा लड्ने अवस्था सिर्जना भएको छ । अर्कोतिर पुष्पलालका सपनालाई पटक-पटक भजाएर सत्तामा गएका कम्युनिष्टहरु (एमाले,माओवादी) विभाजित हुँदै गएका छन् । यतिसम्म कि पटक-पटक आफ्नै कारणले सत्तासमेत ढलेको छ । उनीहरुले पुष्पलालको सपनालाई एक छेउसम्म पनि समेटेका छैनन् ।



दुर्भाग्य नै भन्नु पर्छ आज कम्युनिष्टमै पुष्पलाल खोज्नुपर्ने अवस्था छ । कम्युनिष्ट आन्दोलनलाई सहीदिशातर्फ उन्मुख गराउन देशीविदेशी प्रतिक्रियावादी तत्वहरूसँग मुकाबिला गर्दै महत्वपूर्ण भूमिका निर्वाह गरेका पुष्पलाललाई कम्युनिष्ट आन्दोलनको प्रणेताका रूपमा लिने गरिन्छ । उनी नेपाली क्रान्तिका सिद्धान्तकार समेत हुन् । प्रवासी जीवनकालमा तत्कालीन राष्ट्रिय काँग्रेसबाट राजनीतिक यात्रा सुरू गरेका उनले करिब दुई वर्ष काँग्रेसको कार्यालय सचिव समेत रहेर काम गरेका थिए । राष्ट्रिय काँग्रेसमा आएको फूटसँगै भारतीय कम्युनिष्ट पार्टीका नेताहरुको संगतले उनले कम्युनिष्ट राजनीति सुरू गरेका थिए । उनी नेपालका प्रथम गणतन्त्रवादी नेता समेत हुन् । सिद्धान्त अनुसारको भौतिक स्थिति होइन, भौतिक स्थितिअनुसारको सिद्धान्त खोज्नुपर्छ, सिद्धान्त, संगठन र संघर्ष आमूल परिवर्तनका कडी हुन्, जनता चेतनशील हुनुपर्छ, कार्यकर्ता संगठित हुनुपर्छ, परिवर्तन अवश्यम्भावी छ, यसलाई संसारका कुनै पनि शक्तिले रोक्न सक्दैनन् भन्ने पुष्पलालको विचार अहिले पनि महत्वपूर्ण रहेको छ । जनवादी केन्द्रीयता लागु हुन सकेन भने पार्टी जीवनमा नै बेथिति देखापर्ने उनी बताउन्थे । तर अहिले उनै निर्माण गरेका कम्युनिष्टहरु उनको मार्गदर्शनबाट विमुख हुँदै गएका छन् । पुष्पलाल शोषित, पीडित जनताका पक्षमा उभिने विचारक, सिद्धान्तकार र योजनाकार समेत थिए । उनले त्यति बेलाको नेपाली समाजलाई राम्रोसँग चित्रण गरेका थिए । समाजको द्वन्द्वात्मक भौतिकवादी वैज्ञानिक दृष्टिकोणको आधारमा वर्गीय शोषण र जातीय उत्पीडनबाट नेपाली समाजको मुक्ति उनको प्रमुख उद्देश्य थियो । शिखर व्यक्तित्वको शाखलाई भजाएर कम्युनिष्ट घटकहरूले सत्ता सञ्चालन गरिरहेका छन्, नेपाली राजनीतिक इतिहासमा । यद्यपि कम्युनिष्ट घटकहरूले राष्ट्र र जनताको पक्षमा ती शिखर पुरुषले देखाएको मार्ग दर्शनलाई हजारौं कोस टाढा राखी शासन गरिरहेका छन् । उनीहरुले पुष्पलालको आदर्श, दर्शनलाई त्यागी दलाल पुँजीवादी राजनीतिक व्यवस्था अवलम्बन गरी राज्यको दोहन गर्ने कार्यमै अगाडि बढेका छन् । अन्य नेपालका सानातिना कम्युनिष्ट विचारक शक्तिहरूमा पनि पुष्पलालको राजनीतिक दर्शनको कमी छ । तैपनि उनीहरूले एकदिन भएपनि पुष्पलाललाई सम्झिने गरेका छन् ।

पछिल्लो समय कम्युनिष्ट नेताहरु पुष्पलालको मार्गदर्शनलाई विर्सिएर पद, सत्ता र पैसाको पछाडी दौडिने गरेको आरोप समेत लाग्ने गरेको छ । पुष्पलाल स्मृती प्रतिष्ठान नेपाल पाल्पाले शनिबार तानसेनमा आयोजना गरेको शिक्षकसँग पुष्पलाल अन्तर्क्रिया कार्यक्रममा सहभागीहरुले समेत पुष्पलालको नीति र सिद्धान्तहरुलाई तिलाञ्जली दिएर पद, सत्ता र पैसाको लागि जस्तो सुकै गलत कामको लागि कम्युनिष्ट नेताहरु हाम फाल्ने प्रवृत्ति रहेको बताएका छन् । भाषणमा समाजवादी कुरा गर्ने सत्तामा पुगेपछी पुँजीपती बर्गको पछाडी दौडिने प्रवृत्ति नेपालका सबै कम्युनिष्ट नेताहरुमा रहेको उनीहरुको भनाई छ । जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनालले पुष्पलालले सधै सत्ता पैसा र परिवारवाद भन्दा माथि उठेर काम गरे पनि वर्तमान नेताहरु पुष्पलालको नीति, सिद्धान्त विपरित सत्तामा मात्र ध्यान दिएको बताए । प्रतिष्ठानका संरक्षक अशोक कुमार शाहीले पुष्पलालले गरेका काम विचार सिद्धान्त, दर्शनहरु समाजका विभिन्न पक्षहरुबाट जनतासम्म लैजानु पर्ने बताउँछन् । पुष्पलालको विचार अनुसार नेपालमा परिवर्तन हुन नसकेको संरक्षक शाहीको विश्लेषण छ । १५ असार १९८१ मा रामेछापको भँगेरीमा जन्मिएका पुष्पलालको ७ साउन २०३५ मा भारतमा उपचारका क्रममा निधन भएको थियो । उनले जनताका पक्षमा अधिकार स्थापित गर्ने लक्ष्यका साथ १० वैशाख २००६ मा नेकपा स्थापना गरेका थिए । नेकपाको स्थापना कोलकाताको श्यामबजारमा पुष्पलाल, नरबहादुर कर्माचार्य, निरन्जनगोविन्द वैद्य, नारायणविलास जोशी, मोतीदेवी श्रेष्ठको सक्रियतामा भएको थियो । राणा विरोधी आन्दोलनका शहीद गङ्गालाल श्रेष्ठका माइला भाइसमेत रहेका पुष्पलाल दाजुको हत्या भएपछि १५ वर्षकै उमेरमा राणाशाही बिरोधी आन्दोलनमा सक्रिय भए । छोरा राजनीतिमा लागेकै कारण पिता भक्तलालको सुब्बाको जागिर खोसिएको थियो । २०१७ सालको राजाको कदम पछाडी उनले भूमिगत निर्वासित जीवन विताएका थिए । त्यसपछि २०२५ सालमा पञ्चायती निरंकुशताको अन्त्यका लागि 'संयुक्त जनआन्दोलनको कार्यदिशा' अगाडि सार्ने उनी पहिलो नेता हुन् ।

## 'बीपीले देखाएको मार्गमा हिंडे काँग्रेसलाई कसैले जित्न सक्दैन'



**पाल्पा,** साउन ६/नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठले बीपीले देखाएको मार्गमा हिड्न सके काँग्रेसलाई कसैले पनि जित्न नसक्ने बताए ।

आइबतार नेपाली काँग्रेसका संस्थापक बीपी कोइरालाको ४२ औं स्मृति दिवसका अवसरमा नेपाली काँग्रेस रिब्दीकोट गाउँपालिका-४ ले भैरवस्थान मन्दिर परिसरमा आयोजना गरेको वृक्षारोपण तथा अन्तर्क्रिया कार्यक्रमलाई सम्बोधन गर्दै उनले बीपीको मार्गमा हिडे कसैले हराउन नसक्ने बताएका हुन् । सभापति श्रेष्ठले भने 'बीपीको त्याग र निष्ठाको मार्गलाई नेता कार्यकर्ता सबैले अबलम्बन गर्न सके काँग्रेसलाई कसैले पछि पार्न सक्दैन ।' उनले काँग्रेसको विचार बोक्ने सबैले बीपीको मार्गदर्शनलाई आत्मसाथ गर्नुपर्नेमा जोड दिए । नेपाली काँग्रेस कुनै एउटा मिसनको लागि जन्मिएको पार्टी नभएकाले समाजमा देखिएको गरिबी,अशिक्षा,असमानता हटाउने गरी अग्रसर हुने बताए ।

**बाँकी अन्तिम पेनमा...**

## 'सत्ता सहकार्यको औचित्य पुष्टि गर्न नसके घातक हुन्छ'

**गुल्मी,** साउन ६/नेपाली काँग्रेस लुम्बिनी प्रदेशका उपसभापति भुवनप्रसाद श्रेष्ठले काँग्रेस-एमालेको सत्ता सहकार्यको औचित्य पुष्टि गर्न नसके काँग्रेसलाई घातक हुने बताएका छन् । आइतबार नेपाली काँग्रेसका संस्थापक बीपी कोइरालाको ४२ औं स्मृति दिवसका अवसरमा नेपाली काँग्रेस गुल्मीले तम्घासमा आयोजना गरेको 'बीपीको विचार र वर्तमान सन्दर्भ' विषयक गोष्ठीलाई सम्बोधन गर्दै उनले सत्ता सहकार्यको औचित्य पुष्टि गर्न नसके काँग्रेसलाई घातक हुने बताएका हुन् ।




देशका दुई ठूला दल मिलेर बनेको सत्ताले आमनागरिकको पक्षमा काम गर्न सके मात्र सहकार्यको पुष्टि हुने भन्दै उनले त्यसो गर्न नसके काँग्रेसलाई घातक हुने उल्लेख गरे । उपसभापति श्रेष्ठले भने 'वर्तमान नेकपा एमाले र काँग्रेस गठबन्धनको सरकारले जनतालाई केन्द्रमा राखेर काम गर्नुपर्छ ।' अघिल्ला सरकारले जनताका पक्षमा काम गर्न नसकेका कारण जनतामा निराशा छाएको भन्दै दुई ठूला दल एक ठाउँमा आएर सत्ता सञ्चालन गरेको बताए । 'जनताको अनुत्तरित धेरै प्रश्न छन् । वर्तमान सरकारले जनताको हितमा काम गर्नुपर्छ । **बाँकी अन्तिम पेनमा...**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## आर्थिक अनुशासनमा कमजोर स्थानीय तह

स्थानीय तहमा आर्थिक अराजकता मौलाउँदै गएको छ । अधिकांस स्थानीय तहहरुले नियम मिचेर खर्च गर्ने प्रवृत्ति बढेको छ । महालेखापरीक्षकको प्रतिवेदनले स्थानीय तहमा हरेक वर्ष बेरुजु रकम उल्लेख्य मात्रामा बढेको औंल्याउने गरे पनि सुधारका लागि पहलसमेत भएको छैन । कानुनले तोकेको भन्दा बाहिर गएर मनलागी खर्च गर्ने, सेवासुविधा लिने, सभाले पारित गरेकोभन्दा बाहिर खर्च गर्ने स्थानीय तहको परिपाटीप्रति जनस्तरको गुनासो पनि बढ्दै गएको छ । यो अत्यन्त दुखको कुरा हो ।

पाल्पाका १० स्थानीय तहले मात्रै आर्थिक वर्ष २०७९/०८० मा २७ करोड ९० लाख ९२ हजार मनपरी ढंगले खर्च गरेका छन् । उनीहरुले अनुगमन, भ्रमण, बैठक भत्ता, इन्धन, सवारी साधन, औषधि खरिद, चाडपर्व खर्च, विद्यालयको दिवा खाजा, विउजिवन खरिद, कर्मचारी भर्ना, डीपीआर तथा गुरुयोजना, उपभोक्ता समितिलाई भुक्तानी, सामाजिक सुरक्षा भत्ताजस्ता शीर्षकमा सबै भन्दा धेरै रकम खर्चेको पाइन्छ । यसले आर्थिक अराजकता बढाएको प्रष्ट हुन्छ । अधिकारको हिसाबले स्वायत्त र बलिया स्थानीय सरकार आर्थिक अनुशासनमा कमजोर हुनु राम्रो हैन । जनतालाई निष्पक्ष सेवा प्रदान गरेर 'यो हाम्रो सरकार हो' भनेर नागरिकमा अनुभूति दिलाउनु स्थानीय सरकारको पहिलो दायित्व हो । यो दायित्व पूरा गर्न स्थानीय सरकार सञ्चालन प्रक्रिया आर्थिक अनुशासनसहित मितव्ययी र पारदर्शी हुनुपर्दछ । जसले स्थानीय सरकार लोकप्रिय त हुन्छन् नै, यसले सिङ्गो संघीय व्यवस्थालाई नै टेवा पुऱ्याउँछ । तर परिणाम ननिस्कने गरी काम गर्दा वा हानि नोक्सानी तथा हिनामिना गर्दा समेत कुनै कारवाही नहुने परिपाटीले गर्दा स्थानीयस्तरमा वित्तीय अनुशासन अत्यन्त कमजोर देखिएको हो । यसले मुलुकलाई नै थप आर्थिक संकटतर्फ थकेल्न टेवा पुऱ्याउने गर्दछ । यसर्थ समाज र राष्ट्रलाई आर्थिक रुपमा सवल र सक्षम बनाउन आर्थिक सुशासन वृद्धि गर्नेतर्फ स्थानीय सरकारले आफुलाई अग्रसर बनाउन जरुरी छ ।

### Opinion @ Social Network

रिसाएकाहरु संग मन मनै कुरा गर्छु,
म यसरी पनि मनको इच्छा पूरा गर्छु ।
*(विनोद गैरेको फेसबुक स्टाटसबाट www.facebook.com//gaire.binod)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

## सन्दर्भ: ४६ औँ पुष्पलाल स्मृति दिवस

# पुष्पलालको स्मरणसँगै असल कर्म अनुकरण गरे सच्चा श्रद्धाञ्जली हुनेछ






संयोग वा समयको माग जे भने पनि पुष्पलाल र बीपीको सिद्धान्त, सपना, सोचलाई आफ्नो पार्टीको मार्गदर्शन ठान्ने नेकपा (एमाले) र नेपाली काँग्रेस यतिबेला सत्ता सहकार्यमा एकसाथ छन् । उनीहरूले समयसापेक्ष ढंगले वर्तमान संविधान संशोधन तथा आवश्यक कानुन निर्माणमा समेत एकसाथ लाग्ने बताएका छन् । यद्यपि सत्ता सहकार्यका बेला भएको भनिएको ७ बुँदे सहमति औपचारिक रुपमा सार्वजनिक भएको पंक्तिकारले थाहा पाएको छैन् । तसर्थ यतिमात्र कामना गर्दछु कि राष्ट्र, राष्ट्रियता घात गर्ने अनि नागरिकले सत्तो सराप गर्ने अवस्था सिर्जना हुने छैन । सारमा भन्नुपर्दा आम नेपाली नागरिकले यो सरकारबाट हित महसुस गर्न सकुन् । यसतर्फ काँग्रेस र एमालेका नेताहरू सचेत होलान नै । प्रसङ्ग ४६ औं पुष्पलाल स्मृति दिवसको हो, यसर्थ केही कुरा राख्ने अनुमति चाहन्छु ।

नेपालका कम्युनिष्ट पार्टीले पुष्पलाल अनि नेपाली काँग्रेसले बीपीलाई आफ्नो कित्ताको पेवा ठान्ने प्रवृत्ति हटिसेकेको छैन् । तथापि पुष्पलाल र बीपी साझा व्यक्तित्व हुन् भन्दा अन्यथा नहोला । आज अर्थात् साउन ७ गते पुष्पलालको ४६ औं स्मृति दिवस पनि हो । रामेछापको भंगेरीमा जन्मिएका लोकतन्त्रका मूर्धन्य व्यक्तित्व नेपाल कम्युनिष्ट पार्टीका संस्थापक पुष्पलालप्रति उनको योगदानका कारण सबै कम्युनिष्ट घटक मात्र होइन प्रजातन्त्रवादी खेमासमेत नतमस्तक हुन्छन् । यद्यपि बीपी कोइराला जीवनभर अनुयायीमाझ जति सम्मानित हुन सक्नुभयो पुष्पलाल जीवन पर्यन्त आलोचित, अपमानित बन्नुभयो । घर, परिवारको साथ र सहयोग जति बीपीलाई थियो वास्तवमा पुष्पलाललाई थिएन । अभाव र पीडाका बीच किसान, मजदुर अर्थात् आम श्रमजीवी वर्गको हकहितका लागि पुष्पलालले जीवनभर असल कर्म सम्पादन गर्नुभएको थियो । श्रमप्रति अटुट निष्ठा राख्ने, श्रम र उत्पादनलाई महत्व दिने पुष्पलालले राष्ट्र, राष्ट्रियतालाई कर्मले सधैं उच्च सम्मान गर्नुभयो । लोकतन्त्रका मुर्धन्य व्यक्तित्व पुष्पलाल र साहित्य तथा राजनीतिमा उत्तिकै दख्खल राख्ने बहुआयामिक व्यक्तित्व बीपीको योगदानलाई चिरस्थायी तुल्याउन तानसेन नगरपालिकाको विगतको नेतृत्वले दुई प्रतिष्ठानको स्थापना गरेको पाइन्छ । नेपालकै तेस्रो नगरपालिकाको पहिचान बनाएको तानसेन नगरपालिकाले नेपालको लोकतान्त्रिक आन्दोलनका शिखर व्यक्तित्व पुष्पलालको योगदानलाई चिरस्थायी गराउने मुख्य उद्देश्यले उहाँको स्मृतिमा वरिष्ठ पत्रकार शम्भु श्रेष्ठको संयोजकत्वमा समावेशी, साझास्वरुपसहित पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोष २०७५ स्थापना गरेको थियो । स्थानीय निर्वाचन २०७४ बाट निर्वाचित तानसेन नगरपालिकाका मेयर अशोककुमार शाहीकै कार्यकालमा जननायक बीपी कोईरालाको योगदानको सम्मानस्वरुप टंक पन्थको संयोजकत्वमा बीपी स्मृति प्रतिष्ठान गठन भएको थियो । अहिलेका मेयर सन्तोषलाल श्रेष्ठले समेत यी संस्थाहरूलाई यथोचित ढंगले सहयोग गर्ने वचन दिनुभएको भएपनि यस आर्थिक वर्षमा बजेट विनियोजनमा वचन कार्यान्वयन हुन सकेन् । कार्यवाहक मेयरको रुपमा गतवर्ष वरिष्ठ पत्रकार कमल कोइरालालाई प्रतिष्ठानले पुरस्कृत गर्दा समारोहमा उपमेयर प्रतिक्षा गाहा सिंजालीले (कार्यवाहक मेयरका रुपमा) समेत सहयोगको वचन दिनुभएको थियो । तानसेन नगरपालिकाले यसपटक बीपी स्मृति प्रतिष्ठान नेपाल र पुष्पलाल स्मृति प्रतिष्ठान नेपाल कुनैलाई पनि नीति कार्यक्रममा सम्बोधन गरेको देखिएन । तथापि प्रतिष्ठानले पुष्पलालका योगदानलाई चिरस्थायी गराउन यथासक्य कार्यक्रम आयोजना गरेर प्रयास गरिआएको छ ।

> *नेपालका कम्युनिष्ट पार्टीले पुष्पलाल अनि नेपाली काँग्रेसले बीपीलाई आफ्नो कित्ताको पेवा ठान्ने प्रवृत्ति हटिसेकेको छैन् । तथापि पुष्पलाल र बीपी साझा व्यक्तित्व हुन् भन्दा अन्यथा नहोला । आज अर्थात् साउन ७ गते पुष्पलालको ४६ औँ स्मृति दिवस पनि हो ।*

**के-के गरेको छ पुष्पलाल स्मृति प्रतिष्ठान नेपालले ?**

पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोष २०७५ को दोस्रो साधारणसभा (२०७८ चैत्र) ले संस्थाको कार्य दायरा फराकिलो बनाउनका लागि नाम परिवर्तन गर्ने निर्णय गरेअनुसार पुष्पलाल स्मृति प्रतिष्ठान नेपाल, पाल्पा, तानसेनको नामबाट कामलाई निरन्तरता दिइआएको छ । संस्थाको प्रथम साधारण सभा (२०७६ माघ) को निर्णय अनुसार पहिलोपटक पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार २०७६ वरिष्ठ पत्रकार हिरण्यलाल श्रेष्ठलाई २०७७ असोज ६ गतेका दिन तत्कालीन सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीका हातबाट शीतलनिवासमा आयोजित विशेष समारोहबीच प्रदान गरिएको थियो । पुष्पलाल स्मृति प्रतिष्ठान नेपालले वर्ष २०७८ को पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार पुष्पलालका समकालीन व्यक्तित्व, वरिष्ठ पत्रकार कमल प्रसाद कोइराला (मोरङ) लाई (२०८० असार १५) का दिन तानसेनमा आयोजित विशेष समारोहबिच लुम्बिनी प्रदेश प्रमुख माननीय अमिक शेरचनबाट अर्पण गरेको थियो । लेखन र पत्रकारिताका माध्यमबाट पुष्पलालको योगदानलाई चिरस्थायी गराउन पहल गर्नुहुने श्रेष्ठ र कोइराला नेपाली पत्रकारिता क्षेत्रमा समेत स्थापित व्यक्तित्व हुनुहुन्छ ।

पुष्पलाल स्मृति प्रतिष्ठान नेपालको साधारणसभाले कोषलाई स्वतन्त्र र स्वायत्त संस्थाको रूपमा विकसित गर्दै नेपाली समाजको रूपान्तरण र विकासमा पत्रकारिताका माध्यमबाट योगदान गर्ने राष्ट्रिय व्यक्तिहरुको सूची बनाई सम्मानित गर्दै जाने, पुष्पलालको योगदान समेटेर स्मारिका प्रकाशन, पुष्पलालको योगदान चिरस्थायी बनाउनेलगायतका सम्भव रचनात्मक कार्यक्रम आयोजना गर्ने नीति अघि सारेको छ । गतवर्ष प्रतिष्ठानले पुष्पलाल स्मृति दिवस (२०८० साउन ७ गते) कै दिन सम्पर्क कार्यालय सुभारम्भ साथै कार्यालयमै राजनीतिक व्यक्तित्वहरूबिच पुष्पलालको योगदानबारे संवाद कार्यक्रम आयोजना गरेको थियो । यस संस्थाले विगतमा पुष्पलाल स्मृति दिवसका अवसरमा सामुदायिक रेडियो मदनपोखराबाट पुष्पलालका योगदानमा आधारित रेडियो परिसंवाद कार्यक्रम सञ्चालन गरिआएको छ । यसैगरी २०७९ साउन ७ गते तानसेन नगरपालिकाको सभाहलमा **'पुष्पलाल र नेपालको राजनैतिक आन्दोलन'** विषयक अन्तरसम्वाद गोष्ठी आयोजना गरिएको थियो ।

२०८० चैतमा पुष्पलाल स्मृति प्रतिष्ठान नेपाल पाल्पा, तानसेनको तेस्रो साधारणसभा (परिषद) सम्पन्न भएको छ । प्रतिष्ठानले २०८१ असार (पुष्पलाल जयन्तीका अवसर) मा **'विद्यार्थीसँग पुष्पलाल'** विषयक छलफल कार्यक्रम आयोजना गरेको थियो । यसैगरी ४६ औं पुष्पलाल स्मृति दिवसका सन्दर्भ पारेर २०८१ साउन ५ गते (अस्ति) प्रतिष्ठानले 'शिक्षकहरूसँग पुष्पलालको योगदानबारे परिचचा' कार्यक्रम सम्पन्न गरेको छ । विद्यार्थी जीवनबाटै पुष्पलाल र बीपीका असल कर्महरूको बारेमा जानकारी गराउन सकिएमा भोलिका कर्णधार इमान्दार नैतिकवान हुनुका साथै राष्ट्र राष्ट्रियताप्रति संवेदनशील हुन सक्ने अपेक्षा गर्न सकिन्छ । सीमित संख्यामा, निश्चित ठाउँमा आयोजना गरिने यस्ता कार्यक्रमको के प्रभाव पर्ला र भनेर आलोचना गर्न पनि छुट छ । तथापि असल बीउ छर्ने काममा प्रतिष्ठान कदापि हतोत्साहित हुने छैन् । साझा र समावेशी सांगठनिक स्वरुप रहेको पुष्पलाल स्मृति प्रतिष्ठान नेपालको मुख्य उद्देश्य लोकतन्त्रका मूर्धन्य व्यक्तित्व पुष्पलालको योगदानलाई चिरस्मरणीय बनाउने, मर्यादित र पेशागत पत्रकारिताको विकास गर्न नेपाली पत्रकारहरूलाई प्रोत्साहित गर्ने तथा राष्ट्रियता, लोकतन्त्र, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र सामाजिक न्यायका लागि पैरवी गर्ने नै हो । साधन, स्रोत, जनशक्तिले सम्भव भएसम्म हामी प्रयासरत छौं । यथासक्य सहयोगका लागि सबैसँग एकमुष्ठ आग्रह गर्दछौं ।

अन्त्यमा, पुष्पलाल, बीपी कोइरालाको नाममा भाषण गरेर मात्र उहाँहरूको योगदानको कदर हुन सक्दैन तसर्थ उहाँहरूका असल कर्म अनुकरण, सिद्धान्त अमनुशरण गर्न सबैसँग अनुरोध गर्दछौं । स्थानीय, प्रदेश, संघीय सरकार लगायत जो कसैले पनि सकिन्छ पुष्पलाल र बीपीको सोच, विचार, कर्म उजागर गरौं तर अनादर गर्ने काम कसैले नगरौं । स्मृति दिवसका विशेष अवसरमा पुन: पुष्पलालप्रति हार्दिक सम्मान प्रकट गर्दछु ।

***(लेखक पुष्पलाल स्मृति प्रतिष्ठान नेपाल, पाल्पाका अध्यक्ष समेत हुन्)***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२१११९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : विद्या र बुद्धिको विकास हुनेछ । नयाँनयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । | **तुला** : नसोचेको ठाउँबाट धन हात पर्नेछ । समाजसेवामा मन लाग्नेछ । |
| **वृष** : कार्यसिद्धि हुने अवसर मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । | **वृश्चिक** : अग्रजहरूको अनुभव अनुसार अवसर पहिल्याउन सकिनेछ । |
| **मिथुन** : प्रेममा मनमुटाव र मन कमजोर रहनेछ । मालसामान हराउन सक्छ । | **धनु** : आँटेको र ताकेको कार्य पुरा होला। साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ । |
| **कर्कट** : हेलचेक्र्याइँले काममा उल्टो परिणाम दिन सक्छ, सचेत रहनुहोला। | **मकर** : छोटो दुरीको लाभदायक यात्रा रहला । वैदेशिक कार्य अघि बढ्नेछ । |
| **सिंह** : अतिथिको आगमन हुनेछ । परिवारको सहयोगबाट कार्य पुरा हुनेछ । | **कुम्भ** : प्रेमसम्बन्ध र प्रणयप्रसंगका लागि श्रेष्ठ समय रहेको छ । धनार्जन हुनेछ । |
| **कन्या** : लाभदायक यात्रा रहनेछ । नयाँ कार्यको थालनी होला । | **मीन** : ठट्टा गर्दा सतर्कता अपनाउनुहोला। आर्थिक क्षेत्रमा संकट आउन सक्छ । |




# पढ्नेसँगै कमाउने कार्यक्रम चाहन्छन् विद्यार्थी




कैलाश भट्ट सुदूरपश्चिम विश्वविद्यालय अन्तर्गत कृषि विषय अध्ययन गरिरहेका छन् । करिब पाँच वर्ष कृषि विज्ञान विषयको अध्ययन गरेका उनी यही साउन ७ गतेदेखि अन्तिम परीक्षाको तयारीमा छन् । पाँच वर्ष अध्ययनमा बिताएका उनी परीक्षा सकेपछि के गर्ने भन्ने अन्योलमा छन् ।

'कृषि तर्फबाट स्नातक तहसम्मको अध्ययन सकियो । नतिजा आउन समय लाग्ने हुँदा बिचको समय के गर्ने भन्ने योजना बन्न सकेको छैन ।' उनी भन्छन्, 'विद्यार्थीलाई पढाइसँगै कमाउने वातावरण बनाउन सके कृषि प्राविधिक स्वदेशमै काम गर्ने वातावरण बन्न सके के गर्ने भन्ने सोच्नुपर्ने थिएन होला ।'

पढ्ने अनि सँगै कमाउने वातावरण विद्यार्थीका लागि भए कृषि क्षेत्रमा विद्यार्थीहरूको आकर्षण बढ्ने विद्यार्थी प्रमीला शर्मा बताउँछिन् । कृषिमा उत्पादन भएको जनशक्ति व्यवस्थापन हुन नसक्दा कृषिमा अवसर हुँदाहुँदै पनि त्यो अवसरका लागि हुन नसकेको उनको भनाइ छ । 'झन्डै पाँच वर्ष हामी कृषि विषय अध्ययन गर्दछौँ, अध्ययन गर्दा समय र लगानी धेरै हुन्छ ।' उनले भनिन् 'सुदूरपश्चिम विश्वविद्यालयले आफ्ना विद्यार्थीहरूलाई पढ्दै कमाउने वातावरण बनाउनेतर्फ ध्यान दिनुपर्छ ।' विद्यार्थी पार्वती ओली कृषि संकायका विद्यार्थीलाई सैद्धान्तिक ज्ञान पढाएर व्यवहारिक ज्ञान सिक्न यहाँका किसानसम्म जोड्नुपर्ने बताउँछिन् । सैद्धान्तिक ज्ञानले विद्यार्थीको सिकाइ समयसापेक्ष नहुने जनाउँदै प्रयोगात्मक सिकाइको अभाव आफूहरूलाई महसुस भएको उनको भनाइ छ । 'हामी चार वर्ष सैद्धान्तिक कुराहरू पढ्छौँ तर हामीलाई प्रयोगात्मक ज्ञान सिक्ने ठाउँ छैन,' उनले भनिन्, 'हामीले पढेको सिकाइ र किसानको बारीमा गएर किसानबाट सिकेको कुरा फरक हुने गरेको छ । त्यसैले हामीले प्रयोगात्मक सिकाइका लागि किसानकै बारीमा जाने वातावरण स्थानीय सरकार र सरोकारवालाले मिलाउन सक्नुपर्छ ।' किसानलाई उद्यमशीलतातर्फ जोड्नुपर्नेमा जोड दिँदै अर्का विद्यार्थी दुर्गा बोगटीले वास्तविक किसानलाई सम्मानको खाँचो रहेको बताइन् । पाँच महिना प्रयोगात्मक सिकाइको लागि किसानसँग नजिक भएर अध्ययन गरेकी उनले वास्तविक किसान हरेक दृष्टिकोणले पछाडि रहेको बताइन् । 'कृषि गर्नेलाई सम्मान छैन, अनुदान वास्तविक किसानले पाउँदैन, पाए पनि प्रक्रिया निकै झन्झटिलो छ, बजारको समस्या उस्तै छ,' उनी भन्छिन्, 'किसानले उत्पादन गरेको वस्तु बजारीकरणमा समस्या हुँदा उपभोक्ताले त्यसको मार खेप्नुपरेको देखिन्छ । स्थानीय सरकारले सहजीकरण गर्ने हो भने किसानहरूले उत्पादन गरेको वस्तुले राम्रो बजार पाउन सक्छ ।' किसानहरूसँग जोडिएर आफूहरूले काम गर्न चाहेको विद्यार्थीहरूको भनाइ छ । उनीहरूले स्थानीय स्थानीय सरकारलाई निश्चित समयको लागी स्वयंसेवकको रूपमा रहेर काम गर्न तयार रहेको बताए । सैद्धान्तिक भन्दा शिक्षा पद्धति प्रयोगात्मक तिर केन्द्रित भए पढ्दै कमाउँदै गर्ने वातावरण सिर्जना हुनसक्ने विश्वास विद्यार्थीहरूको छ । 'प्रयोगात्मक शिक्षाले सिकाइमा सहायताका साथै आफ्नो दैनिक खर्च व्यवस्थापन पनि हुनसक्छ,' विद्यार्थी नवीन भुसालले भने, 'अध्ययनलाई उत्पादनसँग जोडन सकिएन भने आगामी दिनमा क्याम्पसहरूमा विद्यार्थी पाउन मुस्किल हुने स्थिति आउने देखिन्छ ।' सुदूरपश्चिम विश्वविद्यालय कृषि विज्ञापन संकायका प्रमुख सुशील न्यौपानेले कृषि क्षेत्रलाई व्यावसायिक बनाउन नसक्दा कृषिमा उत्पादन भएको जनशक्ति बाहिर जानुपर्ने बाध्यतामा रहेको बताए । उनले अवसरको खोजीमा भएकाहरूले सहजै अवसर नपाउँदा शिक्षाको औचित्य माथि प्रश्न उठेको जनाउँदै अहिले कृषिबाट उत्पादन भएको जनशक्ति पनि त्यहीँ स्थितिमा रहेको बताए । 'देशभर वार्षिक दुई हजार दक्ष जनशक्ति कृषि क्षेत्रमा मात्रै उत्पादन हुने गरेको छ । त्यसमध्ये बढीमा एक सय जनाले स्वदेशमा कामको अवसर पाउँछन् होला,' उनले भने, 'व्यावसायिक रूपमा सम्भावना नहुँदा आज विद्यार्थी उच्च शिक्षामा भन्दा विदेश जान बढी इच्छुक भइरहेका छन् ।'

टीकापुर बहुमुखी क्याम्पस प्रमुख ढविन्द्रबहादुर रावलले कृषि क्षेत्रलाई संस्कारको रूपमा विकास गर्न आवश्यक रहेको बताए । उनले बजारको आवश्यकता अनुसार कृषि उत्पादनले प्राथमिकता नपाएका कारण परनिर्भरता कायमै रहेको बताए । 'सम्भावनासँग चुनौती जहाँ पनि हुन्छ । त्यो चुनौतीको सामना गर्न सक्यो भने त्यसबाट नतिजा पनि सकारात्मक आउँछ ।' क्याम्पस प्रमुख रावलले भने, 'आत्मनिर्भर बन्नका लागि व्यावसायिक बन्न सक्नुपर्छ । अहिले पनि नेपालको कृषि क्षेत्र व्यावसायिक नबनेर परम्परागतमै सीमित छ ।' सुदूरपश्चिम विश्वविद्यालय कृषि संकायले पुराना लोप हुन लागेका रैथाने जातका बालीको संरक्षणका लागि काम सुरु गरेको छ । संकायले केही रैथाने जातको खेतीको लागि अध्ययनको काम समेत सुरु गरेको बताएको छ । हाल कागुनु लगायत केही पुराना जातका बालीको परीक्षण कृषि संकाय गरिरहेको छ । *-रासस*

# एनजी आएका ५ विद्यार्थीको पुनर्योगपछि ४ जीपीए




राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक शिक्षा परीक्षा (एसईई)को पुनर्योगको नतिजा सार्वजनिक गरेको छ । १९ हजार ६०० विद्यार्थीले पुनर्योगका लागि आवेदन दिएकामा चार हजार २८७ जना विद्यार्थीको नतिजामा सुधार आएको छ ।

जसअनुसार एनजी (ननग्रेडेड) आएका पाँच जना विद्यार्थीको पुनर्योगपछि ४ जीपीए आएको छ । बोर्डले नतिजामा चित्त नबुझेका विद्यार्थीहरूलाई असार ३१ गतेसम्म अनलाइनमार्फत निवेदन दिन आह्वान गरेको थियो । प्राप्त आवेदनहरूमध्ये बोर्डले पहिलो चरणको नतिजा सार्वजनिक गरेको जनाएको छ । यस्तै २८२ जना विद्यार्थीको नतिजा परिवर्तन भएको छ । बोर्डले धेरै अंक इन्ट्री गर्दा, केही टाइपिङ गलत भएर नतिजा फरक परेको जनाएको छ ।

*-रातोपाटी डटकम*

# केएल युनिभर्सिटीले ५० प्रतिशत छात्रवृत्ति दिने




भारतको केएल युनिभर्सिटीले नेपाली विद्यार्थीलाई ५० प्रतिशत छात्रवृत्ति दिने भएको छ । काठमाडौंस्थित इन्फरम्याटिक्स कन्सल्टेन्सीको समन्वयमा शुक्रबार पत्रकार सम्मेलन गरेर केएल युनिभर्सिटीका प्रतिनिधिहरूले उक्त घोषणा गरेका हुन् । उनीहरूले शैक्षिक उत्कृष्टता र विश्वव्यापी सहकार्य युनिभर्सिटीको प्राथमिकता रहेको भन्दै नेपाली विद्यार्थीका लागि पनि अवसर सिर्जना गरिएको बताए । इन्फरम्याटिक्स कन्सल्टेन्सीका प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्रमान जोशीले नेपाली विद्यार्थीका लागि केएल युनिभर्सिटीले एउटा सुनौलो अवसर लिएर आएको बताए । विद्यार्थीहरूको उज्ज्वल भविष्य निर्माणका लागि केएल युनिभर्सिटी एउटा उपयुक्त गन्तव्य बन्न सक्ने उहाँको भनाइ थियो ।

त्यसैगरी युनिभर्सिटीका एड्मिसन डाइरेक्टर डा. जे श्रीनिवास रावले युनिभर्सिटीको पछिल्ला उपलब्धि, भर्ना प्रक्रिया र अन्तर्राष्ट्रिय विद्यार्थीका लागि उपलब्ध अवसरबारे जानकारी गराए । विद्यार्थीलाई भौतिक र अनलाइन दुवै माध्यमबाट अध्ययन गर्न सक्ने व्यवस्था गरिएकाले हालसम्म धेरनेपाली विद्यार्थीले केएलबाट अन्तर्राष्ट्रियस्तरको डिग्री हासिल गरिसकेको उनीको भनाइ थियो ।

युनिभर्सिटीका अन्तर्राष्ट्रिय सम्बन्ध र मेडिकल हेल्थ साइन्सेजका डिन डा. किशोरबाबु एमले अन्तर्राष्ट्रिय शिक्षाप्रति विश्वविद्यालयको दृष्टिकोण, शैक्षिक कार्यक्रम विस्तार र केएललाई उच्च शिक्षाका लागि छनोट गर्ने विद्यार्थीले प्राप्त गर्ने लाभबारेमा चर्चा गरेका थिए । उनीले दुई अलग देश भए पनि भारतीय र नेपाली विद्यार्थीलाई समान शुल्क निर्धारण गरिएको बताए । त्यसैगरी केएल युनिभर्सिटीका नेपाल कन्ट्री हेड शिव न्यौपानेले दक्षिण भारतमा पहिलो नम्बरमा रहेको केएल युनिभर्सिटी भारतको शैक्षिक क्षेत्रमा २८औँ स्थानमा रहेको बताए । हैदरावाद र विजयवडामा रहेको युनिभर्सिटीमा सन् २००५ देखि नै नेपाली विद्यार्थी जाने गरेको र हालसम्म पाँच सयभन्दा बढी नेपाली विद्यार्थी पासआउट भइसकेको उनीको भनाइ थियो । सस्तो शुल्कमा गुणस्तरीय शिक्षाका लागि केएलले ख्याति कमाएको दाबी गर्दै न्यौपानेले चार-पाँच लाखमै इञ्जिनियरिङ प्याकेज पढ्न पाइने बताए । प्रोफेसर डा. शंमुक कुमारले छात्रवृत्ति कार्यक्रमका माध्यमबाट विश्वविद्यालयले गुणस्तरीय शिक्षा प्रदान गर्ने प्रतिबद्धता रहेको बताएको थिए । सन् १९८० मा इञ्जिनियरिङ अध्ययनका लागि केएल युनिभर्सिटीको स्थापना गरिएको भए पनि हाल इञ्जिनियरिङका साथै व्यवस्थापन, कानुन, कला, विज्ञान प्रविधिलगायतका कोर्ष सञ्चालन गर्दै बहुसांस्कृतिक वातावरणसाथ विश्वभरका विद्यार्थीलाई आकर्षित गरेको बताइएको छ ।

*-इहिमालय टाइम्स डटकम*

# गण्डकी विश्वविद्यालयले 'एआई' विषय पढाउने



गण्डकी प्रदेशको राजधानी पोखरास्थित गण्डकी विश्वविद्यालयले नेपालमै पहिलो पटक एआई पढाउने भएको छ ।

यसका लागि विश्वविद्यालयले मास्टर अफ इन्फर्मेसन टेक्नोलोजी आर्टिफिसियल इन्टलीजेन्स कार्यक्रम सार्वजनिक गरेको छ । सेप्टेम्बर महिना अर्थात भदौ १६ बाट एमआइटी एआईको कक्षा सुरु हुने विश्वविद्यालयले जनाएको छ । कार्यक्रम सुरुआत गर्दै गण्डकी प्रदेशका सामाजिक विकास तथा स्वास्थ्य मन्त्री विन्दुकुमार थापाले एमआइटी एआई विषय समय सान्दर्भिक भएको बताए । प्राविधिक शिक्षा आजको आवश्यकता रहेको भन्दै उनले बजारले खोजेको शिक्षा उपलब्ध गराउन विश्वविद्यालयलाई निर्देशन दिए । उनले बजारले खोजेको जस्तो शिक्षित जनशक्ति उत्पादनमा जोड दिन आग्रहसमेत गरे । मन्त्री थापाले रोजगारीका लागि विदेश जाने बाध्यात्मक परिस्थितिको अन्त्य गर्न यस्ता कार्यक्रम महत्वपूर्ण हुने दावी गरे । एमआइटी एआई कार्यक्रमको सार्वजनिकीकरणसँगै प्रचारप्रसारको समेत आवश्यक्ता रहेको भन्दै मन्त्री थापाले विश्वविद्यालयलाई समन्वयात्मक हिसाबले अगाडि बढाउनुपर्नेमा जोड दिए । गुणस्तरीय शिक्षालाई आत्मसात् गर्दै शैक्षिक आयाम र आयतनमा बढाउन प्रदेश सरकार प्रतिवद्ध रहेको मन्त्री थापाले स्पष्ट पारे । विश्वविद्यालयका डीन कपील अधिकारीले एमआईटी एआईको आवश्यक्ता ठानेर नै कार्यक्रम सार्वजनिक गरिएको उल्लेख गरे । उनले विश्वविद्यालयले प्राविधिक विषयलाई प्राथमिकतामा राखेको बताए । एआईको अध्ययन गर्ने विद्यार्थी पछाडि नपर्ने भनाइ उनले नेपालको अर्थतन्त्र सुधारमा एआईको भूमिका महत्वपूर्ण रहेको बताए । सरकारी तथा गैरसरकारी क्षेत्रमा एआईको प्रयोगलाई बढाउने उद्देश्यसहित विश्वविद्यालयले एमआईटी एआई कार्यक्रम सार्वजनिक गरेको उनको भनाइ छ । आइटीमा जति धेरै उत्पादन गरिएता पनि खपत हुने उनले बताए । रजिस्ट्रार कैलाश तिमिल्सिनाले २०७६ ालबाट सञ्चालनमा आएको गण्डकी विश्वविद्यालयले छोटो समयमा नै फड्को मारेको जानकारी गराए । पोखरा-३२ मा आफ्नै संरचना खडा गरी आइटी र फार्मेसीको क्षेत्रमा अध्ययन अध्यापन गराउँदै आएको उनले बताए । ५ सय ७६ रोपनी जग्गा विश्वविद्यालयको नाममा प्राप्त भएको उनले जानकारी गराए ।

विश्वविद्यालयले आविस्कार केन्द्रको समेत स्थापना गरेको छ । गण्डकी विश्वविद्यालयमा ५२ जिल्लाका विद्यार्थीको आवद्धता रहेको उनले उल्लेख गरे । कुलपति गणेशमान गुरुङले आइटी पार्कलाईसमेत अगाडि बढाउनुपर्ने आवश्यक्तालाई औंल्याए । विश्वविद्यालयले प्राप्त गर्ने अनुदानमा उदार हुन प्रदेश सरकारलाई उनको आग्रह छ । *-हाम्रोकुरा डटकम*


# सरकारको मुख्य प्राथमिकतामा शिक्षा, स्वास्थ्य र सामाजिक क्षेत्र: प्रधानमन्त्री ओली

प्रधानमन्त्री केपी शर्मा ओलीले सरकारले सुशासन कायम गराउनुका साथै शिक्षा, स्वास्थ्य लगायत सामाजिक क्षेत्रलाई प्राथमिकतामा राख्ने बताएका छन् ।

नवनियुक्त प्रधानमन्त्री ओलालाई बधाई तथा शुभकामना दिन नेपाल कम्युनिष्ट पार्टी (एमाले) काठमाडौं जिल्ला कमिटिले आज प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा आयोजना गरेको कार्यक्रममा प्रधानमन्त्री ओलीले सबै पक्षको साथ लिएर मुलुकको सुशासन र विकासलाई प्राथमिकता दिन सरकार कटिबद्ध रहेको बताए ।

उनले दुवै छिमेकी मुलुक भारत र चीनसँगको सम्बन्ध सुमधुर बनाउन पनि लाग्ने उल्लेख गरे । त्यसअवसरमा जिल्ला कमिटिका अध्यक्ष दीपक निरौलाले प्रधानमन्त्री ओलीलाई कार्यकाल सफलताको शुभकामना दिएका थिए । *-डिसीनेपाल डटकम*

# बुबाको स्मृतिमा विद्यालयमा अक्षयकोष




**तम्घास (गुल्मी),** साउन ६/गुल्मीमा बुबाको स्मृतिमा छोराहरुले एक विद्यालयमा अक्षयकोषको घोषणा गरेका छन् ।

जिल्लाको रेसुङ्गा नगरपालिका-२ निवासी स्व हेमराज मरासिनीको स्मृतिमा छोरा नवीन, सञ्जीव र डा. सञ्जयले रेसुङ्गा-१ मा रहेको महेन्द्र माध्यमिक विद्यालयमा तीन लाख १५ हजारको अक्षयकोषको स्थापना गरेका हुन । स्व. हेमराज विद्यालयको अंग्रेजी शिक्षक थिए । उनको एक वर्षअघि निधन भएको थियो । बुबाको वार्षिक पुण्यतिथिका अवसरमा छोराहरुले बुबाले अध्यापन गराएको विद्यालयमा अक्षयकोषको स्थापना गरेका हुन् ।

विद्यालयलाई प्रदान गरेको रकमबाट कक्षा ५, ८, एसइई र कक्षा १२ मा उत्कृष्ट अंक ल्याउने विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने जनाइएको छ । अब छिट्टै कार्यविधि बनाएर उक्त रकम विद्यार्थीको छात्रवृत्तिका लागि प्रयोग गरिने विद्यालयले जनाएको छ । छात्रवृत्ति स्थापना गर्नेमध्येका जेठो छोरा नवीन मरासिनी काठमाडौं विश्वविद्यालयमा अध्यापनरत छन् । उनी पनि महेन्द्र माविका पूर्वशिक्षक हुन् ।

माइलो छोरा सञ्जीव मरासिनी नेपाल संस्कृत विश्वविद्यालय अन्तर्गतको रिडी संस्कृत विद्यापीठमा अंग्रेजी विषयको उपप्राध्यापक हुन् भने कान्छो छोरा डा. सञ्जय मरासिनी न्युजील्याण्डमा नेत्र विशेषज्ञका रुपमा कार्यरत छन् । *-रासस*


प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

**मदनपोखरा बहुप्राविधिक शिक्षालय**

तानसेन-०९, दमकडा,पाल्पा

## मौजुदा सूची दर्ता गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित: २०८१/०४/०७**

यस मदनपोखरा बहुप्रविधिक शिक्षालयको आर्थिक वर्ष २०८१/०८२ को लागि तपसिल अनुसारका विभिन्न सामग्रीहरु आपुर्ति गर्न/गराउनका लागि सार्वजनिक खरिद ऐन २०६३ तथा विनियमावली २०६४ को नियम १८ बमोजिम सार्वजनिक खरिद (बाह्रौं संशोधन) नियमावली २०७९ बमोजिम मौजुदा सूचि (standing list) तयार गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक सम्बन्धित ईजाजत प्राप्त रजिष्टर्ड फर्म/कम्पनी /संस्थाहरुले तपसिलमा उल्लेखित सामान/सेवाहरु मध्ये आफूले आपुर्ति गर्न सक्ने कार्यहरुको विवरण भरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा शिक्षालयको प्रशासन शाखामा सूचि दर्ता गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**तपसिल:**

१. कम्पयुटर, प्रिन्टर,फोटोकपी मेशिन, लगायतका अन्य अफिसियल ईलेक्ट्रोनिक ईक्युपमेन्टहरुको आपुर्ति तथा मर्मत कार्य ।
२. मसलन्द तथा स्टेशनरी सामानहरु ।
३. छपाई सम्बन्धी कार्यहरु ।
४. कृषि उपकरणहरु तथा बिउ बिजन र किटनाशक विषादीहरु आपूर्ति तथा मर्मत कार्य ।
५. पशुपंछी तथा पशु आहाराको आपुर्ति ।
६. काठ तथा स्टिल फर्निचरहरु मर्मत तथा आपुर्ति कार्य ।
७. निर्माण तथा मर्मत कार्य ।
८. ईलेक्ट्रिकल,ईलेक्ट्रोनिक्स तथा पलम्बिङ्ग सामान आपुर्ति तथा मर्मत ।
९. कुरियर सेवा
१०. पत्र पत्रिका तथा पुस्तकहरु आपुर्ति ।
११. परामर्श सेवा ।
१२. सप्टवेयर तथा डाटावेस सम्बन्धी कार्यहरु ।
१३. जनरल ल्याव सम्बन्धी उपकरण तथा सामाग्रीहरु आपुर्ति ।
१४. भेटेनरी सम्बन्धी उपकरण तथा औषधीजन्य सामाग्रीहरु आपुर्ति ।
१५. कृषि (बाली विज्ञान),कृषि (पशु विज्ञान) र सूचना प्रविधि विषयको सैद्धान्तिक एंव प्रयोगात्मक अभ्यासका लागि आवश्यक सामाग्री ।

**निवेदन साथ पेश गर्नुपर्ने कागजपत्रहरु :**

१. फर्म/कम्पनी/संस्था दर्ताको प्रमाणित प्रतिलिपि ।
२. स्थायी लेखा नं.मु.अ. कर दर्ताको प्रमाणित प्रतिलिपि ।
३. आ.व २०७९।०८० को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
४. व्यावसायिक इजाजत पत्रको प्रमाणित प्रतिलिपि ।

**अन्य थप जानकारी:**

१. कार्यालयले आवश्कतानुसार सामान वा सेवा खरिद गर्न सक्ने छ ।
२. एक भन्दा बढी प्रकृतिको सामान वा सेवा सप्लाई गर्न सक्ने फर्म वा कम्पनीले छुटा छुट्टै दरखास्त दिनु पर्ने छ ।
३. सुचिकृत भएका फर्म वा कम्पनीको सेवा सन्तोषजनक नभएमा सुचिकृतबाट जुनसुकै बेला हटाउन सकिने छ ।
४. फर्म/कम्पनी/संस्था सुचिकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार यस शिक्षालयको निहितमा रहने छ ।

*शिक्षालय प्रमुख*


खेलकुद समाचार

## महिला भलिबल : नेपालले कीर्गिस्तानसँग खेल्ने



**काठमाडौं,** साउन ६/माल्दिभ्समा भइरहेको काभा २० वर्ष मुनीको महिला भलिबल च्याम्पियनसिपको सेमिफाइनलमा नेपालले कीर्गिस्तानसँग खेल्ने भएको छ ।

समूह चरणको एउटा खेल जितेर अंक तालिकाको तेस्रो स्थानमा रहँदै सेमिफाइनलमा पुगेको नेपालले दोस्रो स्थानमा रहेको कीर्गिस्तानसँग खेल्ने भएको हो । खेल सोमबार राति सवा नौ बजे हुनेछ । समूहको अन्तिम खेलमा श्रीलंकाले कीर्गिस्तानलाई हरायो । यससँगै श्रीलंका पहिलो र कीर्गिस्तान दोस्रो स्थानमा रहे । सबै तीन खेल हारेको माल्दिभ्स अंकविहिन हुँदै चौथो स्थानमा रह्यो । सोमबार नै हुने पहिलो सेमिफाइनलमा श्रीलंका र माल्दिभ्स खेल्नेछन् । फाइनल खेल साउन ८ गते हुनेछ ।

## सत्ता...

...अहिलेको गठ जोडलाई राजनीतिक रूपमा पुष्टि गर्न नसके नेपाली काँग्रेसका लागि त्यो घातकसिद्ध हुन्छ' उनले भने । इमान्दारीता, अनुशासन, त्याग र सादगी बीपी कोइरालाबाट सबैले अनुसरण गर्नुपर्ने उपसभापति श्रेष्ठले बताए । काँग्रेसभित्र गुटबन्दी हाबी भएको भन्दै उनले भने, 'गुटबन्दी अन्त्य गर्नुपर्छ । स्वार्थी भावना त्यागनुपर्छ । भन्ने बीपीको आर्दश हो ।' उपसभापति श्रेष्ठले बीपीका आर्दशलाई व्यवहारमा लागू गर्न सके उनीप्रति सच्चा सम्मान हुने धारणा व्यक्त गरे । कार्यक्रममा नेपाली काँग्रेस लुम्बिनी प्रदेश प्रशिक्षण विभागका सदस्यहरु गुणानिधि शर्मा, छन्दबहादुर पहराई मगरले बीपीको सिद्धान्त र आर्दशका विषयमा चर्चा गरे । उनीहरुले बीपीलाई कुशल राजनीतिक व्यवस्थापक, समाज सुधारक, साहित्यक, प्रजातान्त्रिक दर्शनका प्ररेणताका रूपमा चित्रण गरेका थिए । लुम्बिनी प्रदेश सदस्य मोतिलाल भण्डारी, जिल्ला समन्वय समिति प्रमुख द्रोण बहादुर खत्री, नेपाल महिला संघ गुल्मीकी सभापति लक्ष्मी पाण्डे लगायतले बीपीको फोटो पुजेर मात्रै सम्मान नहुने भन्दै व्यवहारमा लागु गर्नुपर्ने बताए । नेपाली काँग्रेस गुल्मीका उपसभापति शिवबहादुर खत्रीको अध्यक्षता, रेसुङ्गा नगर सभापति जयश्वर पन्थीको स्वागत, जिल्ला सचिव भगतसिंह खड्काको सञ्चालनमा कार्यक्रम भएको थियो ।

अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचक ६१ अंकले बढ्यो



**पाल्पा,** साउन ६/यो साता कारोबारको पहिलो दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक उच्च अंकले बढ्दा कारोबार रकम १५ अर्ब नाँघेको छ । आइतबार नेप्से परिसूचक ६१ दशमलव ६१ अंक अर्थात् दुई दशमलव ५४ प्रतिशतले बढेर दुई हजार चार सय ८५ दशमलव ९४ को विन्दुमा कायम भएको हो ।

तीन सय १५ कम्पनीको चार करोड ११ लाख ९५ हजार पाँच सय ३४ कित्ता शेयर एक लाख ७७ हजार चार सय ६७ पटक खरिदबिक्री हुँदा १५ अर्ब २३ करोड ८२ लाख ७१ हजार दुई सय ९० बराबरको कारोबार भएको छ । व्यापार समूहको उपसूचकमा सबैभन्दा धेरै छ दशमलव ८० प्रतिशतले बढेको छ । बैंकिङ तीन दशमलव ८६, विकास बैंक एक दशमलव ४१, वित्त एक दशमलव ५१, होटल तथा पर्यटन चार दशमलव २१, जलविद्युत् एक दशमलव ३७ र लगानी समूह दुई दशमलव ६८ प्रतिशतले बढेको छ ।

उत्पादन तथा प्रशोधन दुई दशमलव ९७, लघुवित्त एक दशमलव ६१, म्युचुअल फन्ड एक दशमलव ५२, निर्जीवन बीमा शून्य दशमलव ६५ र अन्य समूह तीन दशमलव ३८ प्रतिशतले बढेको छ । युनाईटेड मोदी हाईड्रोपावर लिमिटेड, समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड र हिमालयन बैंक लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ भने सिक्लेस हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै सोल्टी होटल लिमिटेडको रु ३४ करोड १० लाख ९६ हजार तीन सय सात बराबरको कारोबार छ । त्यस्तै कारोबार भएका शेयर सङ्खयाका आधारमा आज सबैभन्दा धेरै कुमारी बैंक लिमिटेडको १४ लाख ९० हजार पाँच सय ५० कित्ता शेयर किनबेच भएको छ ।

## बीपीले देखाएको...

...विशिष्ट अतिथि नेपाली काँग्रेसका पूर्व केन्द्रीय सदस्य राजनप्रसाद पन्तले नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री बीपी प्रजातान्त्रिक आन्दोलन र नेपाली साहित्यमा विशिष्ट योगदान पुऱ्याउन सफल एकमात्र खम्बा भएको बताए । उनको क्रान्तिदृष्टा, सिद्धान्तनिष्ठ र अटल राष्ट्रवादका कारण अहिले पनि जुनसुकै दल र विचारधाराका व्यक्तिहरु प्रभावित हुने गरेको धारणा व्यक्त गरे ।

कार्यक्रममा नेपाली काँग्रेस लुम्बिनी प्रदेश सदस्य महेन्द्र पाण्डे, जिल्ला उपसभापति झपेन्द्र गहिरे, सचिव सन्तोष थापा, कोषाध्यक्ष मोहनप्रसाद श्रेष्ठ, प्रवक्ता शोभाखर न्यौपाने, काँग्रेसका आर्थिक सल्लाहकार सन्तोषलाल श्रेष्ठ, महासमिति सदस्य राजेन्द्रगोपाल सिंह, काँग्रेस क्षेत्र नं २ का क्षेत्रिय सभापति मुक्तिराम जिसी, क्षेत्रिय सचिव कृष्ण आले, पूर्व पार्टी जिल्ला सचिव माधव नेपाल, नेपाल महिला संघकी जिल्ला सभापति मीना पन्थी, दलित संघका जिल्ला अध्यक्ष दिनेश गन्दर्व, काँग्रेस जिल्ला सदस्यहरु सुरेश बोहोरा, डा. माधव थापा, काँग्रेस क्षेत्र नं २ प्रदेश सभा (ख)का सभापति रुक्मागत भट्टराई, काँग्रेस रैनादेवी छहरा गाउँपालिकाका सभापति विष्णुप्रसाद पोखरेल, बगनासकाली गाउँपालिकाका सभापति थानेश्वर तिमिल्सीना, महाधिवेशन प्रतिनिधि कान्ता अधिकारी, काँग्रेस तानसेन नगर सभापति सुवर्णमुनी शाक्य, नेविसका पूर्व केन्द्रीय सदस्य हरिबोल भट्टराई लगायतले बीपी र काँग्रेसका बारेमा चर्चा गरेका थिए ।

काँग्रेस वडा सभापति कमल पौड्यालको अध्यक्षता, उपसभापति कृष्ण नेपालको स्वागत, सचिव मनोज खनालको सञ्चालनमा कार्यक्रम भएको थियो । काँग्रेसले अन्तर्क्रियासँगै मन्दिरपरिसरमा वृक्षारोपण समेत गरेको थियो । उता पाल्पाको क्षेत्र नं १ को रामपुरमा समेत काँग्रेसले वृक्षारोपणसँगै विविध कार्यक्रम गरेर बीपी स्मृति दिवस मनाएको छ ।


**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई